**जनरल फाइनान्स लिमिटेड, चावहिल काठमाडौ लाई**
**समस्याग्रस्त फुकुवा गरी नियमित रुपमा कारोवार गर्न दिइएको बारे**
**नेपाल राष्ट्र बैंकको सूचना**

जनरल फाइनान्स लिमिटेड, चावहिल काठमाण्डौंले नेपाल राष्ट्र बैंकले जारी गरेको एकीकृत निर्देशन अनुरुप तोकिएको पूंजीकोष कायम गरेको, संपूर्ण निक्षेपकर्ताहरुलाई निक्षेप फिर्ता भुक्तानी गर्ने सम्वन्धी सूचना जारी गरेको, नयां लगानीकर्ताहरुको तर्फबाट संचालक समितिको गठन गरी संचालक समितिलाई पूर्णता दिने क्रममा रहेकोले यस बैंकको मिति २०७३/०८/२७ मा बसेको संचालक समितिको बैठक संख्या ५३/२०७३ बाट जनरल फाइनान्स लिमिटेडलाई देहायका शर्तहरु सहित समस्याग्रस्तबाट हटाउने निर्णय भएको ।

शर्तहरु

१. संस्थाको संचालक समिति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ दफा १२ बमोजिमको न्युनतम ५ जनाको बनाई ३० दिन भित्र यस बैंकमा जानकारी दिनु पर्ने ।
२. संस्थाको Business Plan तथा Capital Plan यथार्थपरक बनाई ३० दिन भित्र पेश गर्नु पर्ने ।
३. संस्थाको प्रवन्धपत्र तथा नियमावलीलाई परिमार्जित गरी ३० दिन भित्र पेश गर्नु पर्ने ।
४. यस बैंकले विगतमा दिएका निर्देशनहरु तथा संस्थागत शुसासन सम्वन्धी यस बैकबाट जारी निर्देशनको पूर्ण पालना गर्नु पर्ने ।
५. संस्थाको आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने ।
६. वित्तीय श्रोत संकलन यस बैंकबाट जारी एकीकृत निर्देशन २०७३ बमोजिम गर्ने ।
७. संस्थाको Credit Policy Guidline अद्यावधिक गरी लागू गर्नु पर्ने ।
८. रु.२५ लाखभन्दा बढीको कर्जा प्रवाह यस बैंकको पूर्व स्वीकृतिमा मात्र गर्ने ।
९. खराव कर्जालाई क्रमिक रुपमा तोकिएको ५ प्रतिशतको सीमामा ल्याउने ।
१०. संस्थाले गैर बैकिङ्ग सम्पत्ती सकार गरी ऋण असुली प्रक्रियामा रहेको रकमलाई लेना रकममा हिसाव राखी शत प्रतिशत नोक्सानी व्यवस्था कायम गर्नु पर्नेमा सो गरेको नपाइएकोले त्यस्तो रकम रु १७५८७ हजारको तत्काल लेखाङ्कन मिलाई शत प्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्ने ।
११. कर्मचारीको विदा वापतको रकम रु.२२०९ हजार थप Provisioning गर्नु पर्ने ।
१२. संस्थाको २०७३ असार मसान्तसम्मको आन्तरिक तथा वाह्य लेखापरीक्षण कार्यहरु यथासिघ्र सम्पन्न गरी सो को प्रतिवेदन यस बैंकमा पेश गर्नु पर्ने ।
१३. संस्थाको सञ्चित नोक्सानी क्रमिक रुपमा तोकिएको मापदण्डमा ल्याउनु पर्ने ।